annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १९६ पृष्ठ १० | काठमाडौं, बिहीबार ६ मंसिर २०८१ | मार्ग कृष्णपक्ष षष्ठी नेपाल संवत् ११४५ | THURSDAY, NOVEMBER 21, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०


कभर स्टोरी

## अचाक्ली बढ्यो हवाई भाडा

सरकारले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल विस्तारका लागि १० घण्टा बन्द गर्ने निर्णय गऱ्यो । अन्तर्राष्ट्रिय विमानका केही उडान कटौती भए । अनि, हतार-हतार अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीले हवाई भाडा बढाए । यात्रुको चाप बढेको, तर अन्तर्राष्ट्रिय हवाई उडान कटौती भएको भन्दै अन्तर्राष्ट्रिय विमान कम्पनीले नेपाली श्रमिक र विद्यार्थीको ढाड सेकिने गरी हवाई भाडा बढाए । जबकि, सरकारले त्रिभुवन विमानस्थलमा उडान कटौती भएकालाई भैरहवा र पोखराबाट सेवा सुरु गरेर 'क्षतिपूर्ति' असुल्न आग्रह गऱ्यो । तर, विमान कम्पनीले मनलाग्दी गरिहेका छन् ।

सुनिता कार्की | *काठमाडौं*
सलमान खान | *भैरहवा*
कृष्णमणि बराल | *पोखरा*
– को रिपोर्ट

समाचार पृष्ठ २




त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा यात्रुहरूको भीडभाड । ● अन्नपूर्ण

## 'राष्ट्रियसभाको अध्यक्ष उपराष्ट्रपतिलाई बनाउन संविधान संशोधन'



**काठमाडौं** (अन्नपूर्ण): सत्तासीन कांग्रेस सभापति शेरबहादुर देउवाले राष्ट्रियसभाको अध्यक्ष उपराष्ट्रपतिलाई बनाउने गरी संविधान संशोधन गर्नुपर्ने बताएका छन् ।

डेमोक्र्याटिक लयर्स एसोसिएसनको स्थापना दिवसको अवसरमा बुधबार आयोजित कार्यक्रममा पूर्वप्रधानमन्त्री देउवाले उपराष्ट्रपतिलाई राष्ट्रियसभा अध्यक्ष बनाउने विषयमा सैद्धान्तिक रूपमा सबै सहमत रहेको पनि बताए । राष्ट्रियसभाको अध्यक्ष छुट्टै नचाहिने र उपराष्ट्रपतिले नै राष्ट्रियसभाको अध्यक्षता गर्नुपर्नेमा सबै दल सहमत भइसकेको पनि देउवाले बताए ।

छिमेकी भारतलगायत थुप्रै देशमा यस्तो व्यवस्था रहेको देउवाले बताए । 'प्रजातन्त्रका विरुद्ध संविधान संशोधन हुँदैन,' देउवाले भने, 'प्रधानमन्त्री केपी ओली र मैले प्रजातन्त्रका लागि जेल जीवन बिताएका हौं ।

प्रजातन्त्रलाई कमजोर बनाउने कुरा म आफैं मान्दिनँ ।' संविधान संशोधनको विषय उठेकाबारे देउवाले स्पष्ट पारे, 'यहाँ संविधान संशोधन किन भनिरहेका छन् । म एउटा कुरा भन्छु, जस्तो उपराष्ट्रपतिको जस्तो भारतमा व्यवस्था छ, त्यस्तै उपराष्ट्रपति ल्याएर राष्ट्रियसभाको अध्यक्ष बनाउने हाम्रो सल्लाह भएको छ । त्यसैका लागि संविधान संशोधन गर्न लागिएको हो ।'

